मिति २०८१।०९।०३ मा बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को आठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका एजेन्डा माथि छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

तपशिलः

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

एजेन्डाहरू

| सि.नं. | छलफलका विषयहरु |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा |
| २. | IEE प्रतिवेदनको प्रस्तुतीकरण |
| ३. | उद्यमशील विकास तालिम |
| ४. | भिजिट बन्दीपुर – २०२५ सम्बन्धमा |
| ५. | १६ औं गाउँसभा |
| ६. | विविध |

CamScanner

मितिः २०८१।०९।०३ को कार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय संख्या</th><th>निर्णयसंग सम्बन्धित शाखा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>प्रशासन</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु उपर छलाफल गरी समीक्षा गरियो ।</td></tr>
<tr><td>२.</td><td>प्रशासन</td><td>मिति २०८१।०९।०७ मा गाउँपालिकाको हिउँदे सभामा संसोधन गर्नु पर्ने योजना तथा कार्यक्रमहरू भए वडा कार्यालय तथा विषयगत समितिहरू मार्फत गाउँसभामा पेश गर्ने गरी माग गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३.</td><td>प्राविधिक शाखा</td><td>विधायन समिति बाट सिफारिस भएको बन्दीपुर गाउँपालिका भवन नियमित तथा अभिलेखिकरण कार्यविधि -२०८१ स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४.</td><td>प्रशासन</td><td>कार्यपालिका अन्तर्गत रहेको सामाजिक विकास समितिमा रिक्त रहेको सदस्य सचिवको रुपमा स्वास्थ्य शाखामा कार्यरत हे.अ. श्री किरणबाबु श्रेष्ठलाई मनोनयन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५.</td><td>राजश्व शाखा</td><td>राजश्व परामर्श समितिबाट पेश हुन आएको निर्णय उपर छलफल गरी आर्थिक विधेयक २०८१ मा रहेका राजश्व का दर र दायरा हेरफर गर्ने देहायका विषयहरु स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>६.</td><td>पर्यटन शाखा</td><td>सहासिक खेल प्रवर्धन कार्यक्रम शीर्षकबाट रक क्लाइम्बिङ को लागि मौज्दात सामाग्री प्रयोग गरी ईस्टलेसन कार्यकालागि रु ७० हजार विनियोजन गरी इनिसियटिभ आउटडोर प्रालि बाट गराउनको निर्णय गरियो ।</td></tr>
<tr><td>७.</td><td>विविध</td><td>१. आ.व.२०८१/०८२ को वार्षिक बजेटमा रहेको अन्य संस्था सहायता शीर्षकबाट देहायअनुसारका संस्थालाई देहाय अनुसार सहायता रकम उपलब्ध गराउने निर्णय गरियोः
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम</th><th>सहयोग रकम</th></tr>
<tr><td>१.</td><td>बन्दिपुर तमु ताई कृ तब समाज</td><td>रु. ६० हजार</td></tr>
<tr><td>२.</td><td>नेपाल मगर संघ बन्दीपुर</td><td>रु. ५० हजार</td></tr>
<tr><td>३.</td><td>क्षेत्री समाज बन्दीपुर -२</td><td>रु. ५० हजार</td></tr>
<tr><td>४.</td><td>बन्दीपुर ईसाई समाज</td><td>रु. ५० हजार</td></tr>
</table>
२. बन्दीपुर पर्यटन बोर्डको सदस्य पदमा बन्दीपुर -२ निवासी श्री लोक बहादुर बानियाँलाई मनोनयन गर्ने निर्णय गरियो ।<br>
३. बन्दीपुर भ्रमण वर्ष २०२५ को सचिवालयमा रिक्त रहेको उप संयोजक पदमा बन्दीपुर -२ निवासी श्री लोक बहादुर बानियाँलाई मनोनयन गर्ने</td></tr>
</table>

CamScanner

| | | |
|---|---|---|
| | | निर्णय गरियो । |
| ८. | प्राविधिक शाखा | बन्दीपुर -६ स्थित सेती नदीमा रहेका ६ वटा घाट तथा बन्दीपुर -५ स्थित मर्स्याङ्दी नदीमा रेहको १ वटा घाट समेटेर तयार पारिएको IEE प्रतिवेदन को प्रस्तुती अवलोकन गरी सो प्रतिवेदनलाई स्वीकृत गरी तुरून्त ठेक्का खोल्ने प्रकृया अगाडि बढाउन प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो । |
| ९. | शिक्षा शाखा | बन्दीपुर-२ स्थित शान्ति आ.वि.मा रिक्त रहेको १ जना प्राथमिक तह शिक्षक पदमा करार सेवाबाट नियुक्ति गर्नका लागि नियम अनुसार प्रकृया अगाडि बढाउन अनुमति दिने निर्णय गरियो । |